जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

एक कदम अगाडि

Jaleshwor Today National Daily

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २१४ • २०८३ जेठ ११ गते सोमवार • 25 May 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# मातृ मृत्युदरको अवस्था मधेश प्रदेशमा भयावह

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १० जेठ**

सेवकी सदा भर्खर १७ वर्ष पुगिन् । अहिले उनको पढ्ने, खेल्ने र रमाइलो गर्ने उमेर हो तर सेवकीको काँधमा दुई सन्तानको जिम्मेवारी आइलागेको छ । उनकी एक छोरी २ वर्षकी छिन् भने अर्को छोरा भर्खर ६ महिनाको भएको छ । सेवकीको विवाह भएको तीन वर्ष बितिसक्यो । मुसहर समुदायकी सेवकीले विद्यालयको मुखसमेत हेरेकी छैनन् । यस समुदायमा सानैमा छोराछोरीको विवाह गर्ने चलन छ । उनको विवाह पनि सानै उमेरमा भयो ।




महोत्तरीको मनरासिसवा नगरपालिका–१० (मधवा) गाउँकी सेवकीको घर जलेश्वर हो । उनका श्रीमान् पनि भर्खर २० वर्षका भए । उनी ज्याला-मजदुरी (लेबर)को काम गर्छन् । दैनिक ज्यालादारीका भरमा चलेको सेवकीको परिवारलाई आफ्ना दुई बालबालिकालाई पोषणयुक्त खानेकुरा खुवाउने र उनीहरूलाई सफासुग्घर राख्ने जस्ता कुरा खासै थाहा छैन। उनी जसरी आफैं बाँचिरहेकी छिन्, त्यसरी नै बच्चालाई पनि हुर्काइरहेकी छिन्। सेवकीका दुवै बालबालिका कुपोषित छन् । उनलाई कुपोषण के हो भनेसम्म थाहा छैन । मधेस प्रदेशका दलित, विपन्न र न्यून आय भएका परिवारमा कुपोषणले जालो फैलाउँदै गएको छ । एकातर्फ प्रदेश सरकारले कुपोषणलाई प्रदेशबाट हटाउन ठूला-ठूला होटलमा सभा, गोष्ठी र भोजभतेर गरेर गफमै समय बिताइरहेको छ । अर्कोतर्फ स्थानीय स्तरमा कुपोषण विकराल स्वास्थ्य समस्याका रूपमा विकसित हुँदै गएको छ । नेपाल मल्टिपल इन्डिकेटर क्लस्टर सर्भे २०२५ को सर्वेक्षणअनुसार मधेस प्रदेशमा १५ देखि १९ वर्ष उमेर समूहका किशोरीहरूमा गर्भवती हुने दर प्रतिहजारमा ७१ जना छ । नेपालमा यो कर्णालीपछिको दोस्रो उच्च स्थान हो। कर्णाली प्रदेशमा यसै उमेर समूहमा प्रतिहजारमा ७७ जना गर्भवती हुन्छन् भने देशभरि यो उमेरमा प्रतिहजारमा ४८ जना किशोरीहरू गर्भवती हुने गरेको तथ्यांक छ । 'हामीकहाँ उपचारका लागि आउनुहुने अधिकांश महिलाहरूमा रक्तअल्पता, कम तौल र शारीरिक कमजोरीको समस्या हुन्छ,' स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. राखी साह भन्छिन्, 'कम उमेरमा गर्भधारण गर्ने, आफैं कुपोषित भएर बच्चा जन्माउँदा त्यो पनि कुपोषित नै हुने र अधिकांश महिलाहरूमा अहिले बाँझोपनको समस्या पनि निकै बढेको छ ।' कुपोषणलाई पोषक तत्वहरूको अपर्याप्त वा असन्तुलित सेवनबाट उत्पन्न हुने अवस्थाका रूपमा परिभाषित गरिएको छ, जसले स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ । यसले क्यालोरी, प्रोटिन, भिटामिन र खनिजहरूको अपर्याप्त सेवनद्वारा सिर्जित 'न्यून पोषण' र अत्यधिक क्यालोरी सेवन तथा मोटोपनसँग सम्बन्धित 'अत्यधिक पोषण' दुवैलाई समेट्छ । कुपोषणले सबै उमेरका व्यक्तिहरूलाई असर गरे पनि विशेष गरी बालबालिका, वृद्धवृद्धा र दीर्घकालीन रोग भएकाहरू जस्ता कमजोर जनसंख्यामा बढी घात गर्छ । मधेस प्रदेशमा कुपोषणको अवस्था कुल प्रजनन दर २.७ प्रतिशत रहेको मधेस प्रदेशमा २३.४ प्रतिशत जन्म स्वास्थ्य संस्थाबाहिर (अधिकांश घरमा) हुने गर्दछ भने ७६.६ प्रतिशतले मात्र स्वास्थ्य संस्थामा बच्चा जन्माउने गर्दछन् । मातृ मृत्युदरको अवस्था पनि यस प्रदेशमा भयावह छ । देशभर प्रतिलाख जीवित जन्ममा १५१ जनाको मातृमृत्यु हुने गर्दछ भने मधेस प्रदेशमा प्रतिलाख महिलाहरू आमा बन्दा त्यसमध्ये १४० जनाले ज्यान गुमाउने गर्दछन् । ५ वर्षमुनिका बालबालिकाको उमेरअनुसार उचाइ वा लम्बाइको अवस्था हेर्दा यस प्रदेशमा पुड्कोपनको समस्या भोगिरहेका बालबालिकाको संख्या २ लाख ७ हजार ४९४ छ, जुन अन्य प्रदेशहरूको तुलनामा सर्वाधिक हो । मधेसपछि दोस्रो नम्बरमा लुम्बिनी प्रदेश पर्दछ, जहाँ बालबालिकाहरूमा पुड्कोपनको संख्या १ लाख १४ हजार ४४३ छ । त्यसपछि तेस्रो नम्बरमा कोशी प्रदेश (७३ हजार १५६) छ । बागमती प्रदेशमा ६५ हजार ७ सय ९९, कर्णाली प्रदेशमा ५५ हजार ७ सय २ र सुदूरपश्चिम प्रदेशमा ४९ हजार १०० बालबालिकामा यो समस्या छ। सबैभन्दा कम गण्डकी प्रदेशमा ३१ हजार ४ सय ६३ बालबालिका पुड्कोपनको समस्या भोगिरहेका छन् । पोषण सर्वेक्षण २०२३ को तथ्यांकअनुसार मधेस प्रदेशमा जिल्लागत रूपमा ६ देखि ५९ महिनाका बालबालिकाहरूमा पुड्कोपनको प्रतिशत हेर्दा सबैभन्दा बढी महोत्तरीमा ३१ प्रतिशत बालबालिका पुड्का छन् भने सबैभन्दा कम पर्सामा २४ प्रतिशत बालबालिकामा यो समस्या छ । बालबालिकाहरूमा ख्याउटेपनको समस्या पनि सबैभन्दा बढी मधेसमै छ ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence




बिल-बिजकको प्रयोग अनिवार्य गरौं ।
- हरेक खरिदमा अनिवार्य रुपमा बिल/रसिद मागौं,
- कानुनी रुपमा मान्य बिल-बिजक जारी गरौं,
- बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
- कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं,
- उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
- कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौं,
- डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
- जिम्मेवार नागरिक भई इमानदारीपूर्वक कारोवार गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धकको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

## समावेशिता र'सामाजिक न्याय'

समाजवादी दृष्टिकोणबाट हेर्दा यो नीति तथा कार्यक्रम पूर्ण रूपमा समाजवादी दस्तावेज नरहेको देखिन्छ । यसमा सामाजिक न्याय र समावेशिताका केही प्रगतिशील भाषा रहेको छ, तर यसको आर्थिक संरचना नवउदारवादी ढाँचासँग नजिक रहेको देखिन्छ । यस नीति तथा कार्यक्रमलाई निजी पुँजीकै हातमा आर्थिक शक्ति भएको सामाजिक सुरक्षा सहितको 'मानवीय अनुहार भएको नवउदारवाद' वा 'सामाजिक उदारवाद' भन्न सकिन्छ तर यसलाई बजेटले कसरी सम्बोधन गर्दछ त्यो भने पर्खेर हेर्नै पर्ने देखिन्छ ।

अन्ततः प्रश्न 'कति बजेट ?' भन्दा पनि 'कसका लागि बजेट ?' भन्ने छ । यदि बजेटको मुख्य लाभ ठूला व्यवसाय, सहरी मध्यमवर्ग र निजी पुँजीले लिने हो भने त्यसले संविधानको समाजवादउन्मुख लक्ष्य पूरा गर्न नसक्ने देखिन्छ। राज्यले वास्तविक सामाजिक न्याय चाहने हो भने गरिबीको वैज्ञानिक पहिचान, लक्षित लोककल्याणकारी कार्यक्रम, भूमि सुधार, श्रमिक-कृषक केन्द्रित उत्पादन प्रणाली, सार्वजनिक शिक्षा-स्वास्थ्यको सुदृढीकरण र सहकारी अर्थतन्त्रलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

अन्यथा 'समावेशिता' र 'सामाजिक न्याय' केवल राजनीतिक नारामा सीमित भएर राज्यको संरचना अभिजात्य वर्गकै हितमा सञ्चालन भइरहने देखिन्छ भन्ने कुरातर्फ अर्थमन्त्रीले ध्यान दिन आवश्यक रहेको देखिन्छ ।

# सरकारद्वारा नीति तथा कार्यक्रम मार्फत कर फिर्ता प्रणालीलाई प्रभावकारी बनाउने घोषणा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० जेठ**




सरकारले नीति तथा कार्यक्रम मार्फत कर फिर्ता प्रणालीलाई प्रभावकारी बनाउने घोषणा गरेको छ । तर, धेरै नागरिकलाई आफूले बढी तिरेको कर फिर्ता पाइन्छ भन्ने जानकारी समेत छैन। अहिले पार्ट टाइम वा अतिरिक्त काम गर्नेहरुको तलबबाट रोजगारदाताले सीधैं १५ प्रतिशत कर काट्ने गरेका छन्। तर, यदि त्यस्तो व्यक्तिको वार्षिक आम्दानी ६ लाख रुपैयाँभन्दा कम छ भने, कानुनअनुसार त्यो कर फिर्ता हुनुपर्छ । समस्या के छ भने धेरैलाई यो व्यवस्था बारे थाहै छैन ।

आयकर ऐन २०५८ अनुसार अविवाहित व्यक्तिले वर्षमा ५ लाख रुपैयाँसम्म र दम्पतीले ६ लाख रुपैयाँसम्म आम्दानी गर्दा १ प्रतिशत मात्रै कर तिर्नुपर्छ। अर्थात् मासिक ५० हजार रुपैयाँ कमाउनेले महिनाको ५ सय रुपैयाँ कर तिरे पुग्छ । तर, योभन्दा बढी आम्दानी भए थप रकममा १० प्रतिशत कर लाग्छ। अर्थात्, अविवाहित व्यक्तिले ५ लाख नाघेर ७ लाखसम्म कमाउँछ वा दम्पत्तीको कमाइ जोड्दा ६ लाख नाघेर ८ लाख पुग्छ भने यो दुई लाखवापत् २ हजार रुपैयाँ आम्दानी कर बुझाउनुपर्छ। तर, समस्या पार्ट टाइम काम गर्नेहरुको हकमा देखिएको छ । उनीहरुको आम्दानी कम भए पनि रोजगारदाताले सीधैं १५ प्रतिशत कर काट्ने गरेका छन् । उदाहरणका लागि, वर्षमा ६ लाख रुपैयाँ कमाउने पूर्णकालीन कर्मचारीले करिब ६ हजार रुपैयाँ मात्रै कर तिर्छन् । तर, उति नै कमाउने पार्ट टाइम कामदारको तलबबाट भने ९० हजार रुपैयाँसम्म कर काटिन सक्छ । कर विज्ञहरुका अनुसार आयकर ऐनले यसरी बढी काटिएको कर फिर्ता गर्नुपर्ने व्यवस्था छ । तर, व्यवहारमा यो प्रणाली प्रभावकारी भएको छैन। आयकर ऐनको दफा ११३ मा बढी काटिएको कर फिर्ता गर्नुपर्ने व्यवस्था छ । एकभन्दा बढी स्थानमा काम गर्नेले भने ४० लाखभन्दा कम आय भए पनि आम्दानीको विवरण कर कार्यालयमा बुझाउनुपर्छ। तर, यसरी विवरण बुझाउने गरिएकै छैन। यसरी विवरण बुझाउनुपर्छ भनेर राज्यले बुझाएको पनि छैन, न त कर फिर्ता हुने प्रावधानबारे नै पर्याप्त जानकारी दिएको छैन। कर फिर्ताका लागि के गर्ने त ? कर फिर्ता लिनका लागि करदातासँग स्थायी लेखा नम्बर अर्थात् प्यान नम्बर हुनुपर्छ ।

त्यसपछि आफ्नो कुल आम्दानी र तिरेको करको विवरण डिजिटल प्रणालीमार्फत आन्तरिक राजस्व विभागमा बुझाउनुपर्छ । सरकारले डिजिटल अर्थतन्त्र र आर्थिक रुपान्तरणलाई प्राथमिकतामा राख्दै अब कर फिर्ता प्रणालीलाई सहज बनाउने भनेको छ । यस क्रममा कर फिर्ताको प्रणालीलाई पनि प्रभावकारी बनाउने सरकारको प्रतिबद्धता छ। त्यसका लागि बढी काटिएको कर सीधै करदाताको बैंक खातामा फिर्ता गर्ने व्यवस्था आवश्यक देखिन्छ ।

# विद्यालय खारेज गरी विद्यार्थी र शिक्षकको भविष्यसँग खेलवाड गरेको आरोप

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १० जेठ**




धनुषाको मुखियापटी मुसहरनिया गाउँपालिका मा विद्यालय गाभ्ने निर्णयलाई लिएर विवाद चर्किएको छ। स्थानीयवासी तथा सरोकारवालाले गाउँपालिका अध्यक्ष जयकुमार यादव माथि राजनीतिक पूर्वाग्रहका आधारमा विद्यालय खारेज गरी विद्यार्थी र शिक्षकको भविष्यसँग खेलवाड गरेको आरोप लगाएका छन् ।

विवाद वडा नम्बर ६ बैरियास्थित राष्ट्रिय प्राथमिक विद्यालय बैरिया लाई अर्को विद्यालयमा गाभ्ने निर्णयसँग सम्बन्धित छ। गाउँपालिकाले उक्त विद्यालयकी प्रधानाध्यापक पूनम यादव लाई २०८१ साउन १३ गते प्रावि मरनामा काज सरुवा गरेको थियो। तर उनले सरुवा प्रक्रिया मापदण्डविपरीत भएको भन्दै अस्वीकार गरेपछि केही महिनामै विद्यालयलाई तीन किलोमिटर टाढा रहेको राष्ट्रिय माध्यमिक विद्यालय लक्ष्मीपुर मा गाभिएको आरोप लगाइएको छ । स्थानीय अभिभावकका अनुसार ३०७ विद्यार्थी अध्ययनरत विद्यालयलाई मर्ज गरेपछि साना बालबालिकालाई टाढाको विद्यालय पठाउन कठिनाइ भएको छ। त्यसपछि स्थानीयवासीले उच्च अदालत जनकपुरधाममा रिट दायर गरेका थिए। उच्च अदालत जनकपुरधामका न्यायाधीशद्वय टेकराज कुँवर र राजुराम सिलवाल को संयुक्त इजलासले २०८२ भदौ १७ गते विद्यालय गाभ्ने निर्णय मापदण्डविपरीत रहेको ठहर गर्दै उक्त निर्णय बदर गर्न परमादेश जारी गरेको थियो। अदालतले विद्यार्थी संख्या १०० भन्दा बढी रहेका विद्यालयलाई नियमअनुसार गाभ्न नमिल्ने उल्लेख गर्दै विद्यालयलाई पूर्ववत् अवस्थामा सञ्चालन गर्न आदेश दिएको थियो । अदालतको आदेशपछि पनि गाउँपालिकाले कार्यान्वयन नगरेको भन्दै निवेदक पक्षले शुक्रबार अदालतमा आदेश अवहेलना सम्बन्धी मुद्दा दर्ता गराएका छन् । यस्तै, प्रधानाध्यापक यादवसँगै कार्यरत दुई स्थायी शिक्षक तथा चार जना बालविकास र राहत कोटाका शिक्षकलाई समेत अन्यत्र सरुवा गरिएको बताइएको छ ।

अदालतले शिक्षक सरुवाको विषयमा सम्बन्धित व्यक्तिले छुट्टै कानुनी प्रक्रिया अपनाउन सक्ने जनाएको छ । यता गाउँपालिका अध्यक्ष जयकुमार यादवले भने आफूले अदालतको आदेश अवहेलना नगरेको दाबी गरेका छन् ।

उनले शिक्षक सरुवाको अधिकार स्थानीय तहलाई रहेको उल्लेख गर्दै प्रधानाध्यापक यादवले राजनीतिक उद्देश्यले विद्यालयमा प्रभाव कायम राख्न खोजेको आरोप लगाए । उनका अनुसार बैरिया विद्यालयमा आवश्यक पूर्वाधारको अभाव भएकाले अस्थायी रूपमा अर्को विद्यालयमा गाभिएको हो । भवन तथा संरचना निर्माण भएपछि विद्यालय पुनः पुरानै अवस्थामा सञ्चालन गर्ने योजना रहेको अध्यक्ष यादवको भनाइ छ ।

## तपाईको टुडे

मेषः अनावश्यक खर्चको संभावना
वृषः आम्दानी हुने
मिथून: पिछडेको साथी मिल्न
कर्कटः खानपानमा समस्या आउने
सिंहः अनावश्यक चिन्ता
कन्याः विचार गरेर बोल्नुहोला
तुलाः पढाईमा ध्यान दिनुपर्ने
वृश्चिकः मनमा पछुतो आउने
धनुः मित्रतामा फाटो आउने
मकरः अशुभ समाचार प्राप्त हुने
कूम्भः लामो यात्राको योग छ
मीनः शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव



श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# इरान-अमेरिका सम्झौता आजै सार्वजनिक हुन सक्ने, सम्झौताको अमेरिकाभित्रै आलोचना

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० जेठ**



अमेरिकी विदेशमन्त्री मार्को रुबियोले मध्यपूर्वमा जारी युद्ध औपचारिक रूपमा अन्त्य गर्न सक्ने इरानसँगको सम्भावित सम्झौता आइतबारपछि सार्वजनिक हुन सक्ने बताएका छन् । आफ्नो पहिलो भारत भ्रमणका क्रममा नयाँदिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै उनले आगामी केही घण्टाभित्रै विश्वले सकारात्मक समाचार पाउन सक्ने सम्भावना रहेको उल्लेख गरे ।

उदीयमान सम्झौताले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको हर्मुज जलमार्ग सम्बन्धी चिन्तालाई सम्बोधन गर्ने विदेशमन्त्री रुबियोको भनाइ छ । इरान, अमेरिका र इजरायलबीच बढेको तनावका कारण यो जलसन्धि केही हदसम्म अवरुद्ध भएको अवस्थामा छ । रुबियोका अनुसार प्रस्तावित सम्झौताले यस्तो प्रक्रिया सुरु गर्न सक्छ, जसले अन्ततः इरानको आणविक हतियारसम्बन्धी डरलाई सधैँका लागि हटाउने अवस्थातर्फ लैजानेछ । यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हर्मुज जलमार्ग खोल्ने विषयमा भइरहेको छलफल ‘धेरै हदसम्म अघि बढेको’ बताएका छन् । उनले सामाजिक सञ्जाल ट्रुथ सोसलमार्फत अमेरिका, इरान र अन्य सम्बन्धित देशहरूबीच अन्तिम सम्झौता तयार पार्ने प्रक्रिया निकै नजिक पुगेको दाबी गरेका हुन् । अमेरिकी अनलाइन एक्सियसका अनुसार अमेरिका र इरानबिच ६० दिनका लागि प्रारम्भिक समझदारी पत्रमा हस्ताक्षर हुने तयारी छ, जसको अवधि आपसी सहमतिमा थप्न सकिनेछ ।

यो अवधिभर हर्मुज जलमार्ग निःशुल्क खुला रहनेछ भने इरानले त्यहाँ बिछ्याएका सामुद्रिक बमहरू हटाउनुपर्नेछ । इरानले जति चाँडो बम हटाएर जहाज आवतजावत सुरु गराउँछ, अमेरिकाले उति नै चाँडो इरानी बन्दरगाहको नाकाबन्दी हटाउने र तेल बिक्रीमा छुट दिने सर्त राखिएको छ ।

इरानले रोक्का रकम र प्रतिबन्ध तत्काल फुकुवा चाहे पनि ट्रम्पको नीति अनुसार ठोस काम पूरा भएपछि मात्र राहत दिइनेछ । मस्यौदामा इरानले आणविक हतियार नबनाउने, युरेनियम प्रशोधन स्थगित गर्ने र भण्डार हटाउने विषयमा वार्ता गर्ने प्रतिबद्धता जनाएको छ भने प्रशोधन रोक्न आफू लचिलो रहेको मौखिक आश्वासन समेत दिएको छ ।

# हिन्दी फिल्म ‘पति पत्नी और वो २’ आधा मूल्यमा हेर्न पाइने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० जेठ**



बलिउड फिल्म ‘पति पत्नी और वो २’ नेपाली हलमा आधा मुल्यामा हेर्न पाइने भएको छ । नेपाल वितरक नेओम फिल्मस्ले आइतबारबाट नेपालमा हलमा फिल्म टिकट मूल्यको आधा पैसा हेर्न मिल्ने बनाएको हो । धेरैभन्दा धेरै दर्शकले फिल्म हेर्न पाउन् र पाइरेसी पनि नहोस् भनेर फिल्म आइतबारबाट आधा मूल्यमा हेर्न मिल्ने बनाइएको नेओमी फिल्मस्का नवीन उदासले बताए । ‘फिल्म आधा पैसामा देखाउनु भनेको दर्शकलाई हलसम्म आउन प्रोत्सान गर्नु पनि हो,’ वितरक उदासले भने ।

मुदस्सर अजिजको निर्देशन रहेको फिल्म रिलिज अघि निकै चर्चामा रहन सफल भएको थियो। फिल्ममा आयुष्मान खुराना, सारा अली खान, रकुल प्रित सिंहको पनि अभिनय छ। खुराना फिल्ममा प्रयागराजको एक वन अधिकारी (फरेस्ट अफिसर)को रूपमा देखिएका छन्। फिल्ममा फिल्ममा साराको भूमिका निकै चुलबुले र रमाइलो छ। रकुल फिल्ममा आयुष्मानको प्रेमिकाको भूमिकामा देखिएकी छन् । फिल्ममा आयुष्मानको पत्नीको भूमिकामा अर्की कलाकार वामीका गब्बी पनि देखिएकी छन् । फिल्ममा विजय राज, तिग्मांशु धुलिया, शीबा चड्ढाको पनि अभिनय छ। ‘पति पत्नी और वो २’ सन् २०१९ मा आएको फिल्म ‘पति पत्नी और वो’को सिक्वेल हो। पहिलो पटमा कार्तिक आर्यन, भूमि पेडनेकर र अनन्या पाण्डे देखिएका थिए । यसपटक निर्माताहरूले कास्टिङमा ठुलो परिवर्तन गर्दै आयुष्मान खुरानालाई मुख्य जिम्मेवारी सुम्पिएका छन् । फिल्मको कथामा वैवाहिक जीवनको झमेला मात्र नभई जंगली जनावर र फ्यान्टासीको एक अनौठो मिश्रण समेत छ। जेठ १ गतेबाट फिल्म नेपाल सहित विश्वभर सार्वजनिक प्रदर्शनमा आएको थियो ।

# आस्थाको पराकाष्ठा :६ महिना २२ दिनको ’दण्डवत’ यात्रा : बिहारका यादव पशुपतिनाथमा

**मो.इर्शाद**
**महोत्तरी, १० जेठ**



धार्मिक आस्था र अदम्य इच्छाशक्तिको परीक्षा लिने गरी भारतको बिहारबाट शरीर घिसार्दै (दण्डवत) हिँडेका मनोजकुमार यादव अन्ततः आफ्नो गन्तव्य पशुपतिनाथ आइपुगेका छन्। सुल्तानगञ्ज बाबाधामबाट सुरु भएको उनको ६ महिना २२ दिन लामो कष्टकर यात्रा आइतबार पशुपतिनाथ परिसरमा आएर टुङ्गिएको हो।

रुकठिन भौगोलिक अवस्था र प्रतिकूल मौसमको पर्वाह नगरी पेटको बलले घिस्रिएर हजारौं किलोमिटर पार गरेका यादवको यो ’तपस्या’ देखेर पशुपतिनाथ परिसरमा उपस्थित भक्तजन र स्थानीय अचम्मित देखिन्थे। कतिपयले उनको यो दृढतालाई अदम्य साहसको रूपमा लिएका छन्।

रुआइतबार मन्दिर परिसरमा भेटिएका यादवको अनुहारमा थकानभन्दा बढी आध्यात्मिक सन्तोष झल्किन्थ्यो। ’धार्मिक भाकल र पशुपतिनाथप्रतिको अगाध आस्थाका कारण नै यो असम्भवजस्तो लाग्ने यात्रा पूरा गर्न सकिएको हो,’ उनले भने।

रुउनको आगमनसँगै पशुपति क्षेत्रमा उनलाई हेर्ने र उनको अनुभव सुन्नेको भिड लागेको थियो। मानवीय शारीरिक सीमाभन्दा माथि उठेर गरिएको यो समर्पणले धार्मिक आस्थाको शक्तिलाई पुनः एक पटक प्रमाणित गरेको भन्दै स्थानीयले उनको प्रशंसा गरिरहेका थिए। यात्रा सम्पन्न गरेपछि यादवले पशुपतिनाथ मन्दिरमा विशेष पूजा-आराधना गरी शान्तिको कामना गरेका छन्।

# दुई दिने सोतोकान नेशनल कराते च्याम्पियनसिप सम्पन्न

**ओपि साह**
**जनकपुरधाम, १० जेठ**



जनकपुरधाममा आयोजित दुई दिने सोतोकान नेशनल कराते च्याम्पियनसिप आज भव्य रूपमा सम्पन्न भएको छ। जनकपुरधाम उपमहानगरपालिका-८ वडा कार्यालयको आयोजनामा सम्पन्न उक्त प्रतियोगितामा देशका विभिन्न जिल्लाबाट आएका खेलाडीहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

विभिन्न तौल समूह तथा विधामा सम्पन्न प्रतिस्पर्धा निकै रोमाञ्चक र उत्साहजनक बनेको आयोजकले जनाएको छ। प्रतियोगिताभर खेलाडीहरूले उत्कृष्ट खेल प्रदर्शन गर्दै दर्शकहरूको मन जित्न सफल भएका थिए ।समापन कार्यक्रममा प्रमुख अतिथिका रूपमा माननीय दीपेन्द्र कुमार ठाकुरको उपस्थिति रहेको थियो। कार्यक्रममा मन्तव्य राख्दै उहाँले खेलकुदले युवालाई अनुशासित, स्वस्थ तथा सकारात्मक सोचतर्फ प्रेरित गर्ने बताउनुभयो। उहाँले करातेजस्ता खेलले आत्मरक्षा, आत्मविश्वास अभिवृद्धि तथा राष्ट्रिय पहिचान निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने धारणा व्यक्त गर्नुभयो। प्रतियोगितामा खेलकुद परिषद्का सदस्य लभ अधिकारी, कराते प्रशिक्षक सुभाष पाठक तथा राम बाबु साह लगायत खेलकर्मीहरूको उपस्थिति रहेको थियो। साथै रेफ्री टिम, मेडिकल टिम तथा खेलप्रेमी दर्शकहरूको उत्साहजनक सहभागिताले कार्यक्रमलाई थप आकर्षक बनाएको थियो।

कार्यक्रमको समापनसँगै उत्कृष्ट खेलाडीहरू लाई सम्मान तथा पुरस्कार वितरण समेत गरिएको आयोजकले जनाएको छ ।

# जनकपुरधामलाई पुनः शिक्षाको केन्द्रका रूपमा स्थापित गर्न सामूहिक पहल

**जलेश्वरटुडे समाचारदाता**
**जकपुरधाम, १० जेठ**



उच्च अदालत जनकपुरका कायम मुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरले जनकपुरधामलाई पुनः शिक्षाको केन्द्रका रूपमा स्थापित गर्न सामूहिक पहल आवश्यक रहेको बताएका छन् ।

रौनियार युवा मञ्चद्वारा एसईईमा उत्कृष्ट अंक ल्याएका विद्यार्थीहरूको सम्मानमा आयोजित कार्यक्रममा बोल्दै उनले जनकपुरधाम कुनै समय शिक्षा, ज्ञान र संस्कृतिको महत्वपूर्ण केन्द्र रहेकाले त्यसको पुरानो पहिचान फर्काउन सबै पक्षले जिम्मेवारीपूर्वक लाग्नुपर्ने बताए । मुख्य न्यायाधीश कुँवरले पछिल्लो समय जनकपुरधामको शैक्षिक स्तरमा क्रमशः गिरावट देखिन थालेको उल्लेख गर्दै युवापुस्तामा लगानी गर्न सके मात्रै समाज र राष्ट्रको भविष्य उज्ज्वल बन्न सक्ने धारणा राखे ।

उनले विद्यार्थीलाई सम्मान गर्ने कार्यले उनीहरूमा थप उत्साह र प्रेरणा मिल्ने भन्दै रौनियार युवा मञ्चको पहललाई उदाहरणीय कामको संज्ञा दिए । ‘आजका विद्यार्थी नै भोलिका नेतृत्वकर्ता, प्रशासक, चिकित्सक, अभियन्ता र राष्ट्र निर्माणका आधार हुन्,’उनले भने, ‘युवामा लगानी गरे मात्रै जनकपुरधामले आफ्नो पुरानो वैभव र गरिमा पुनः प्राप्त गर्न सक्छ ।’ रौनियार युवा मञ्चका अध्यक्ष राकेश गुप्ताको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वजातीय समुदायका १६ जना तथा जनकपुरधामका विभिन्न सामुदायिक विद्यालयबाट उत्कृष्ट अंकसहित एसईई उत्तीर्ण भएका २० जना विद्यार्थीलाई सम्मान गरिएको थियो ।

# दुई चिकित्सकमाथि गरिएको निलम्बनप्रति अस्पताल विकास समिति कर्मचारी युनियन ट्रेड युनियन संघले गम्भीर ध्यानाकर्षण

**जलेश्वरटुडे समाचारदाता**
**जकपुरधाम, १० जेठ**



मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत प्रादेशिक अस्पताल जनकपुरधाममा कार्यरत दुई चिकित्सकमाथि गरिएको निलम्बनप्रति अस्पताल विकास समिति कर्मचारी युनियन ट्रेड युनियन संघले गम्भीर ध्यानाकर्षण जनाएको छ ।

ट्रेड युनियन संघका केन्द्रीय कार्यसमिति सदस्य डा. धीरेन्द्र कुमार साह र डा. श्रेया लक्ष्मी शाहलाई पाठेघरको शल्यक्रिया पश्चात् बिरामीको मृत्यु भएको घटनामा निलम्बन गरिएको विषयप्रति संघले आपत्ति जनाएको हो । संघका महासचिव शिव प्रसाद बसेलद्वारा जारी प्रेस विज्ञप्तिमा बिरामीको मृत्यु दुःखद भए पनि घटनाको यथार्थ छानबिन नगरी तथा सम्बन्धित चिकित्सकलाई आफ्नो पक्ष राख्ने अवसर नै नदिई गरिएको निलम्बनलाई स्वास्थ्यकर्मीमाथिको अन्यायपूर्ण कारबाहीको रूपमा व्याख्या गरिएको छ ।

विज्ञप्तिमा स्वास्थ्य क्षेत्रको संवेदनशीलतालाई ख्याल गर्दै तत्काल निलम्बन फिर्ता गरी निष्पक्ष छानबिनका आधारमा अगाडि बढ्न सम्बन्धित निकायसँग माग गरिएको छ। साथै अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको पेशागत हकहित सुनिश्चित गर्न समेत आग्रह गरिएको छ ।

ट्रेड युनियन संघले मधेश प्रदेश अन्तर्गतका इकाई समितिले उठाएका माग तथा नेपाल चिकित्सक संघद्वारा जारी प्रेस विज्ञप्तिप्रति आफ्नो ऐक्यबद्धता रहेको जनाएको छ । संघले ७२ घण्टाभित्र निलम्बन फिर्ता नगरिए आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य हुने चेतावनी समेत दिएको छ ।

# संघीयताको हराएका 'स' हरू

-संघीयताको मर्मका तीन आधारस्तम्भ- समन्वय, सहकार्य र सहअस्तित्व- नेपालमा एक दशक बितिसक्दा पनि व्यवहारमा स्थापित हुन सकेका छैनन् । तीनै तहका सरकारबीच अधिकारको प्रयोग, समन्वय र सहकार्यमा कमजोरी देखिँदा संघीयताको अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । अबको बाटो भनेको यी 'स' हरूलाई पुन:स्थापित गर्दै सबै तहबीच सहकार्य, समन्वय र सहअस्तित्वको भावना मजबुत बनाउनु हो । शाब्दिक हिसाबमा संघीयताको शब्द संरचना एउटा 'स' बाट सुरुवात भएको छ तर मर्म भने तीन वटा 'स' ले निर्माण भएको छ- समन्वय, सहकार्य र सहअस्तित्व । यी तीन शब्द खासमा संघीयताको आधारस्तम्भ हो । नेपालमा संघीयता आएको एक दशक भइसकेको छ तर यी आधारस्तम्भ बलियो बन्न सकेको छैन । तीनै तहका सरकार अधिकारहरूमा स्वायत्त हुन नसक्नु, अन्तरसरकार साझा सवालमा आपसमा सहकार्य र समन्वयमा कार्यसम्पादन नहुनु र संघीयता आउँदा पनि राज्य संरचनामा केन्द्रीकृत मानसिकता हाबी भएको देखिन्छ ।

संघीयताको अभ्यास गरिएको एक दशक हुनै लाग्दा पनि जनअपेक्षाकृत सहकार्य कमै मात्र भएको छ । यस समयमा जनभावना र आकांक्षालाई सैद्धान्तिक परिवर्तनसँगै व्यवहारमा पनि सामञ्जस्य बनाउन सकिएको छैन । जसकारण संघीयताबाट अपेक्षित र वाञ्छित उपलब्धि हासिल गर्न सकेका छैनौं । संसारभर नै संघीयताको प्रभावकारिताको पूर्वसर्त सहकार्य, समन्वय र सहअस्तित्व नै हो । संयुक्त राज्य अमेरिका जस्तो राज्यहरू मिलेर संघ बनेको देशमा यी आधारस्तम्भ उनीहरूको राज्य निर्माणको पहिलो चरण हो, जसले प्रादेशिक स्वायत्तता र शक्तिको गुणात्मकतालाई सँगै अघि बढाएको छ । नेपालमा पनि संघीयताको आगमन हुँदा स्वायत्त अधिकारको प्रभावकारिता, साझा उद्देश्य तथा योजनामा एकीकृत सहकार्य र शक्ति सञ्चालनमा सामञ्जस्य होस् भन्ने अभिप्राय राखिएको थियो ।

तर संघीयताको बुझाइ र बहस शक्तिको बाँडफाँट र स्वायत्ततामा सीमित हुँदा हाम्रोमा एकल अधिकारको अनिवार्यता मात्र मुख्य विषय बनेको पाइन्छ । अन्तरतह र अन्तरसरकार समन्वय र सहकार्यको विषय सबै तहबाट उपेक्षित छ । संघीयताको बहस बल्ल स्वशासनमा केन्द्रित हुँदै छ, सहकार्यात्मक शासन प्रणाली तथा अन्तरसरकार समन्वय जस्ता विषय भने अझै पनि बहसमै छैन । यसैकारण संघीयताको मर्म नै ओझेलमा परेको देखिन्छ । यसबीचमा संघले संघीयता कार्यान्वयनसम्बन्धी आवश्यक कानुन तर्जुमा गर्ने दायित्व थियो । त्यस्तै, स्थानीय र प्रदेश सरकारले रचनात्मक सहकार्य र समन्वय गर्नुपर्ने थियो । अन्तरतह र अन्तरसरकार समन्वयका लागि एकीकृत संयन्त्रको निर्माण र प्रयोग गर्ने र राज्यको शक्तिलाई एकल अधिकारबाट एकीकृत स्थानीय सन्दर्भ र आवश्यकताअनुसार अनुकूलन गर्नुपर्ने दायित्व पनि थियो । तर यस्ता पक्षमा काम हुन सकेको छैन । तीन 'स' को व्यवस्था र अवस्था: विगत एक दशकमा विभिन्न तहमा फरक दलको सरकार हुँदा समन्वय र सहकार्यमा चुनौती देखिएको थियो, अब त झनै संघ र अन्य तहबीच भिन्न दलका सरकार हुँदा यो तिक्तता र चुनौती अझ बढ्ने आशंका बढेको छ । नेपालको संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसरकारी सम्बन्ध समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा आधारित हुनुपर्ने व्यवस्था गरेको छ ।


जसलाई संविधानको अनुसूचीमा तीनै तहको एकल र साझा अधिकार राखेर राज्य शक्तिको प्रयोगको स्पष्ट मार्गचित्र बनाएको देखिन्छ । यो मार्गचित्रको व्यावहारिक कार्यान्वयनमा भने समस्या देखिन्छ । संघीय सरकारले आफूलाई मात्रै सरकारका रूपमा देख्दा संघीयतासम्बन्धी कानुन तर्जुमा गरी अन्य तहको अधिकार प्रत्याभूति गराउन रुचि राखेको पाइँदैन । समन्वय तथा सहकार्यका लागि आवधिक हिसाबमा संवाद गर्ने संयन्त्रहरू नै अन्योलमा छन् । संघ, प्रदेश र स्थानीय तह ( समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले सहकार्य, समन्वय र सहअस्तित्व सम्बन्धलाई कानुनी रूप दिएको थियो तर राष्ट्रिय समन्वय परिषद्को बैठक विरलै मात्र बस्दा त्यसको प्रभावकारिता सीमित रहन पुगेको छ । स्थानीय तह र प्रदेशले एकल अधिकारको प्रयोग गर्दै रचनात्मक र सान्दर्भिक कार्यक्रम ल्याउँदा अन्तरसरकार र अन्तरतह समन्वय र सहकार्य गरी उक्त कार्यक्रम साझा र प्रभावकारी बनाउनेभन्दा पनि एकल श्रेय लिनेमा व्यस्त भएको देखिन्छ । विगत केही वर्षमा सरकारहरूको अधिकार र कार्यक्षेत्रबीच संघर्ष हुँदा संघीय प्रहरीसँग नगर प्रहरी आमनेसामने भएका घटना देखिए । यसले हाम्रो संघीय संरचनामा सौहार्दता र समन्वयभन्दा घर्षण धेरै रहेको देखिन्छ । हालै मात्र पनि नेपाल सरकारले यस वर्षको पठनपाठन २१ वैशाखबाट सुरु गर्ने भनेर परिपत्र निकाल्दा विभिन्न पालिकाहरू तथा काठमाडौं उपत्यका मेयर फोरमले समेत आफ्नो एकल अधिकारको विषय भन्दै आफूअनुरूप पठनपाठन सुरु गरे, यसले संघीयताका उल्लिखित तीन 'स' सरकारहरूका मानसपटलबाट नै हराइसकेको जस्तो देखिन्छ । विगत एक दशकमा विभिन्न तहमा फरक दलको सरकार हुँदा समन्वय र सहकार्यमा चुनौती देखिएको थियो, अब त झनै संघ र अन्य तहबीच भिन्न दलका सरकार हुँदा यो तिक्तता र चुनौती अझ बढ्ने आशंका बढेको छ ।

संघले परिपत्रबाट अन्य तहलाई केन्द्रीय नीतिअनुरूप सञ्चालन गर्न खोज्ने प्रवृत्ति अब स्थापित सिद्धान्त जस्तो बनिसकेको छ । यसरी संघीय सरकार जडसूत्रवादी राज्य सञ्चालनमा अडिग रहनु, अन्य तहले अधिकार नपाउनु र अधिकारको प्रयोग गर्दा सहकार्यभन्दा पनि अतिरञ्जना गर्नुले हाम्रो संघीयताको प्रभावकारिता कमजोर र संवेदनशील बन्दै गएको छ । अबको बाटो- 'स'हरूको पुन:स्थापना: संघीयता मर्मविहीन हुँदा यस व्यवस्थाले दिनुपर्ने जति फाइदा दिन सकेको छैन । तसर्थ अबको बाटो भनेको सहअस्तित्व, सहकार्य र समन्वयको भावनालाई पुन:स्थापित गर्नु हो । संघीयतामा एकात्मकता, तिक्तता र अतिरञ्जनालाई समन्वय, सहकार्य र सहअस्तित्वले विस्थापित गर्नुपर्छ । त्यसैमार्फत अन्तरतह र अन्तरसरकार सहकार्यको नमुना स्थापित गर्नुपर्छ । नीति तथा योजना तर्जुमा गर्नुपर्छ । यसका लागि सर्वप्रथम अहिले भइरहेको संवैधानिक मर्म र कानुनी संरचनालाई कार्यान्वयनमा ल्याउनुपर्छ । संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले व्यवस्था गरेको राष्ट्रिय समन्वय परिषद्को बैठक आवधिक हिसाबमा बस्ने र वार्षिक नीति तर्जुमा र एकीकृत विकास परियोजनामा बजेटका लागि सहकार्यसमेत गर्नुपर्छ ।

हाल एउटा पालिकाको सीमासम्म पुगेको संरक्षण र विकासको कार्य सीमा सकिएसँगै समाप्त हुन्छ, जसलाई सहकार्य गरेर दुवै पालिकामा सँगै लैजानुपर्छ । जसले परियोजनाको प्रभावकारिता र संघीयताको मर्म अघि बढ्न सघाउँछ । त्यस्तै, संविधानका अवरोधहरू पहिचान गर्ने र सबै तह सामेल भएर अवरोध हटाउने काम गर्नुपर्छ । यस क्रममा अन्य तहको स्वायत्त अधिकारको विषयलाई उदारतासाथ हेर्दै संघले आफूलाई सहजीकरणको भूमिकामा सीमित राख्नुपर्छ । सहकार्यात्मक अधिकारलाई अझै स्पष्ट बनाउनुपर्छ । त्यस्तै, राष्ट्रिय प्राकृतिक कोष तथा वित्त आयोगको भूमिकालाई समन्वयात्मक बनाउनुपर्छ । जसमार्फत तहगत सरकारहरूको स्वायत्तता सुनिश्चित गर्नुपर्छ । त्यसले एकीकृत नीति तर्जुमामा समेत सहकार्यको बाटो खुलाउँछ । अब संघीयताको अवधारणा शक्तिको बाँडफाँट र स्वायत्तता मात्र हो भन्ने भाष्य तोड्नुपर्छ । बरु तहगत तथा अन्तरतह सहकार्य गर्दै नीतिगत विषयहरूमा एकीकृत प्रतिबद्धता र दिगो विकासमा समन्वय गर्नुपर्छ । अन्तत: तीनै तहका गरी ७६१ वटै सरकारले आफूलाई जनताको साझा सेवक हो भन्ने ठान्नुपर्छ ।

**साभार : कान्तिपुर ।**






# पञ्जियार सर्वसम्मतिले चयन

**जलेश्वरटुडे समाचारदाता**
**जकपुरधाम, १० जेठ**

नेपाली काँग्रेस धनुषा क्षेत्र नं ३ का क्षेत्रि सभापति पदमा नेपाली काँग्रेसका जुझारु नेता रामचन्द्र पञ्जियार सर्व सम्मतिले चयन हुनु भएको छ । संस्थापन पक्ष तथा संस्थापक ईतरपक्षका



नेताहरुको सहभागिता एवं पार्टीका पूर्व उपसभापति विमलेन्द्र निधिको उपस्थितिमा भएको आईतवार बसेको वैठकवाट जनकपुरधाम वडा नं १६ का निर्वाचित वडाध्यक्ष समेत रहनु भएका पञ्जियारलाई सर्वसम्मतिले चयन गरिईएको हो ।

पुराना काँग्रेसका नेता रहनु भएका र स्वच्छ छविका व्यक्तित्वको पहिचान बनाउनु भएको पञ्जियारलाई क्षेत्रिय सभापति बनाउने निर्णय सर्वसम्मतिले भएको वैठकमा सहभगि भएका नेताहरुले बताउनु भएको छ । नेपाली काँग्रेसका धनुषा क्षेत्र नं ३ का क्षेत्रिय सभापति धिरेन्द्र कुमार निधिको जेष्ठ ४ गते निधन भएपछि रिक्त रहेको क्षेत्रिय सभापति पदमा पञ्जियार सर्वसम्मतिले चयन हुनु भएको छ । विकास प्रेमी नेता रहनु भएका पञ्जियार माथि हालसम्म कुनै प्रकारको दाग लागेको छैन ।

"पत्र-पत्रिकाहरुको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday